# किताब जात्रामा मागल

■ सौर्य समाचार




काठमाडौं । कर्णालीबाट आएका मुग्लेलीहरूले काठमाडौंमा मागल गाएका छन् । किताब जात्राको अन्तिम दिनको सुरुआत गर्दै उनीहरूले मागल गाए । कर्णाली क्षेत्रमा विभिन्न स्थान र समयमा गाउँदै अएका विभिन्न संस्कृतिहरूमध्ये मंगल कार्यको सुरुवातमा लयमा गाइने शब्द मागल हो ।

जुम्ली भाषामा गाइने मागलको सुरूवातमा 'कस्तो देखिन्छ दियो, कस्ते देखिन्छ बत्ती सुन जस्तो देखिन्छ' भन्ने भाव हुने अभियन्ता तथा लेखक माधव चौलागाईले बताए । उनका अनुसार मागल भनेको कर्णालीको लोक वेद हो । जुम्लाबाट आएका पाँच मुग्लेलीमा नारायणी आचार्य, रमा चौलागाईं, लक्ष्मी पाण्डे, दुर्गा स्वार र शोभा उपाध्याय थिए । उनीहरूले मञ्चबाटै छोटो मागल गाउँदै जुम्ला घुम्न निमन्त्रणासमेत दिए ।

त्यस्तै, संगम श्रुति ब्यान्डका कलाकारहरूले सोलो मादल, स्ट्रयान्डिङ सितार बजाएर समेत महेत्सवमा आउने अवलोकनकर्ताहरूको ध्यान खिचे । महोत्सवको दोस्रो तथा अन्तिम नेपाली साहित्यमा समीक्षकको उपस्थिति, मूलधारबाट सधैं उपेक्षामा कला, हास्य विधाः शक्ति र चुनौती, सञ्चारका सारथिलगायत विषयमा छलफल हुँदैछ ।

# बुलाकीको विदेश प्रदर्शन अधिकार बिक्री

■ सौर्य समाचार




काठमाडौं । ३२ साउनबाट प्रदर्शन हुने फिल्म 'बुलाकी' को विभिन्न देशको प्रदर्शन अधिकार बिक्री भएको छ । बिहीबार युके, समग्र युरोप र अस्ट्रेलियाको प्रदर्शन अधिकार एकसाथ बिक्री भएको निर्माता तथा अभिनेता विराज विष्टले जानकारी दिए ।

यो फिल्मलाई नेपालसँगै एकसाथ विश्व बजारमा प्रदर्शन गर्नेगरि फिल्म वितरण तथा मनोरञ्जनात्मक गतिविधिमा क्रियाशिल कम्पनि वि.एस. इन्टरटेन्मेन्टले खरिद गरेको हो । निर्माण कम्पनी छत्रेश्वरी म्यानेजमेन्ट प्राली र विएस इन्टरटेन्मेन्टबीच हालै सम्झौता भएको विष्टले बताए ।

विष्टले सामाजिक सञ्जालमा पोष्ट सेयर गर्दै नेपालको वास्तविक र मौलिक कथालाई विश्वभर छरिएर रहेका नेपाली फिल्मका दर्शकमाझ साझा गर्न पाउनुलाई महत्त्वपूर्ण उपलब्धि भनेका छन् ।

अन्य देशहरूमा पनि फिल्म प्रदर्शनको कुरा अघि बढेको उनले बताए । लक्ष्मण सुनारको निर्देशित फिल्ममा सुरक्षा पन्त, विराज विष्ट, नरेन खड्का, सरस्वती खत्री, लक्ष्मी गिरी, रमेश बुढाथोकी, सुशिल पोखरेल लगायत मुख्य भूमिका छ । फिल्मले यसअघि सम्पन्न फिल्म महोत्सव तथा अवार्डहरूमा हरेक विधामा उत्कृष्ट कहलिँदै अब्बलता प्रस्तुत गरिसकेको छ ।

यसअघि यो फिल्म गत वर्षको वैशाख १ गते प्रदर्शन भएको थियो । कम शो पाएको भन्दै निर्माण टिमले दुई दिनमै फिल्मको प्रदर्शन स्थगित गरेको थियो । विभिन्न महोत्सवमा पाएको उत्साहजनक प्रतिक्रिया, दर्शकको माग र चाहना अनुसार फिल्मलाई पुनः प्रदर्शनमा ल्याउने निर्णय गरिएको बताइएको छ ।

# संग्रौलाको दोस्रो उपन्यास 'बावऋृ' बजारमा



■ सौर्य समाचार

काठमाडौं । लेखक मिलन संग्रौलाको दोस्रो उपन्यास 'बावऋृ' लोकार्पण गरिएको छ । काठमाडौंमा जारी किताब जात्रा साहित्यिक महोत्सवमा शुक्रबार लेखकद्वय प्रवीण खतिवडा र सगुना शाहले पुस्तक लोकार्पण गरे । बादल, वर्षा र ऋतुको त्रिकोणात्मक प्रेमकथा मात्र नभई बाबु-छोराको सम्बन्ध, द्वन्द्वकालीन समयको भोगाइ, होस्टेल जीवन, गीत र खेल अनि सपना आदिको मीठो प्रस्तुति 'बावऋृ' रहेको लेखक सगुना शाहले बताइन् । 'उपन्यासको भाषाशैली आकर्षक छ, यसले पाठकलाई बाँधेर राखिरहन्छ', उनले भनिन् ।

लेखक प्रवीण खतिवडाले उपन्यास आदर्श प्रेमको कथ्यमा आधारित रहे पनि यसले समाजका धेरै तहलाई उधिनेको बताए । 'उपन्यासमा प्रयुक्त मौसमअनुरूपका अध्यायले भावनात्मक रूपमा पाठकलाई उसरी नै महसुस गराउँछन्', उनले भने ।

लेखक संग्रौलाले आफूले साढे पाँच वर्ष उपन्यासका कथा र पात्रहरूसँगै बाँचेर 'बावऋृ' लेखन पूरा गरेको बताए । उनले भने, 'मनैदेखि भन्न मन लागेको यो कथा अब पाठकका हातमा पुगेको कुराले म एकदम पुलकित छु ।' कथासंग्रह 'च्याट गर्ल' र उपन्यास 'पर्पला' लेखिसकेका संग्रौलाको 'बावऋृ' तेस्रो कृति हो ।

# फागुनमा होस्टेल-३

■ सौर्य समाचार



काठमाडौं । निर्माणाधीन नेपाली चलचित्र 'होस्टेल-३'ले छायांकन अगावै रिलिज मिति घोषणा गरेको छ । २१ भदौमा छायांकनमा जान लागेको यो चलचित्र आगामी १६ फागुनमा विश्वभर एकसाथ रिलिज गर्ने निर्णय गरेको निर्देशक सशान कँडेलले बताए ।

यसअघि प्रमुख भूमिकामा पारस बम, रिहान गिरी, पदम तामाङ र सिम्रन पन्त अनुबन्धित भइसकेका छन् । अब यो चलचित्रमा अर्को प्रमुख भूमिकामा नयाँ पात्रको प्रवेश भएको छ, उनी हुन् आशिष घिमिरे । आशिष 'माग्ने बुढा'को नामबाट परिचित प्रसिद्ध कलाकार केदार घिमिरेका छोरा हुन् ।

आशिषले बाल्यकालमा चर्चित हास्य टेलि शृङ्खला 'मेरी बास्सै'मा आफ्नै पिता सँग 'धुन्धुकारि' नामक छोराको भूमिकामा अभिनय गरेका थिए । उनी सो शृङ्खलामा निकै चर्चित थिए ।

यस्तै, 'होस्टेल ३'मा अर्की कलाकार हेना नगरकोटी पनि अनुबन्धित भएकी छन् । हेना थियटर पृष्ठभूमिबाट चलचित्रमा प्रवेश गरेकी हुन् । उनले एक्टर स्टुडियोमा लामो समय नाटक गरेकी छन् भने वेब सिरिजहरू 'खेल' र 'साहु बा'मा पनि अभिनय गरेकी छन् । चलचित्र 'बाइरोड'मा समेत उनले अभिनय गरेकी छन् ।

होस्टेलु चलचित्र शृङ्खला स्टारहरू जन्माउनेको रूपमा चिनिन्छ । 'होस्टेल'बाट अनमोल केसी, सलोन बस्नेत, प्रकृति श्रेष्ठ लगायतका कलाकारहरूले डेब्यु गरेका थिए । त्यस्तै, 'होस्टेल रिटर्न्स'बाट स्वस्तिमा खड्का, सुशील श्रेष्ठ, नजिर हुसेन, सुशील सिटौलालगायतका कलाकारहरूले डेब्यु गरेका थिए । उनीहरू सबै नेपाली चलचित्रका सफल कलाकारहरू बनिसकेका छन् । वि.सं. २०७० सालमा रिलिज भएको 'होस्टेल' र २०७२ मा रिलिज भएको 'होस्टेल रिटर्न्स' घरेलु बक्स अफिसमा सफल भएका थिए ।

होस्टेल-३ का लागि माधव शर्माले स्क्रिप्ट लेखेका छन् । यसको कथा भने निर्देशक कँडेलले नै लेखेका हुन् । 'होस्टेल ३'लाई सम्मान इन्टरटेन्मेन्टले आरोन कन फिल्म्ससँगको सहकार्यमा बनाउँदै छ ।

यसका कार्यकारी निर्माता शङ्कर कोइराला हुन् भने निर्माताहरू कर्ण कार्की र गोविन्द अधिकारी हुन् । सहनिर्माताहरू सुधा मरहट्टा, सुरेश कँडेल र अर्जुन सापकोटा हुन् । लाइन प्रोड्युसर भेषराज गौतम हुन् ।

# 'नक्कले साइँली' सार्वजनिक

■ सौर्य समाचार

काठमाडौं । इन्जिनियरिङ पेसासँगै गीत संगीतमा रुचि राख्ने अनिल पौडेलको अभिनय रहेको नयाँ तीज गीत सार्वजनिक भएको छ । गायक तथा सर्जक मोतीराज खनाल र कल्पना विष्टको सहगायनमा 'नक्कले साइँली' सार्वजनिक गरिएको हो । गीतको शब्द र संगीत खनाल स्वयमको छ । गीतको भिडिओ सुरज खनालले निर्देशन गरेका हुन् । संगीत संयोजन रमेश सेन्चुरीको छ ।

म्युजिक भिडियोमा पौडेलसँगै भुवन पोखरेल, जुना कार्की र सुबुही शाहीले अभिनय गरेका छन् । संसा फिल्मस् युट्युब च्यानलबाट गीत सार्वजनिक भएको हो । हिन्दू नारीहरुको महान चाड हरितालिका तीज नजिकिँदै गर्दा बुधबार गीत सार्वजनिक गरिएको हो ।

# नम्बरी सुनमा नम्रता

■ सौर्य समाचार



काठमाडौं । नायिका नम्रता सापकोटा २५ साउनबाट रिलिज हुने फिल्म 'नम्बरी सुन'मार्फत् दर्शकमाझ आउँदै छिन् । नम्रताका अनुसार फिल्म 'नम्बरी सुन'मा उनी ग्रामीण सोझी युवतीको भूमिकामा छिन् ।

'म खानदानी परिवारको मुखियाकी छोरीको भूमिकामा छु । ऊ एउटा राम्रो परिवारको मुखियाकी छोरी भएर पनि साधारण छे । उसमा घमन्ड छैन । उसको प्रेम आफू भन्दा तल्लो जातको व्यक्तिसँग हुन्छ', आफ्नो चरित्रबारे नम्रता भन्छिन् ।

आफ्ना हरेक फिल्ममा फरक फरक चरित्र निभाउन चाहने नम्रता दर्शकले आफूलाई सोही फरक चरित्रमा 'नम्बरी सुन'मा हेर्न पाउने दाबी गर्छिन् । 'आफ्नो प्रेम प्राप्तिका लागि मेरो पात्र लड्छे । आफूले माया गरेको प्रेमीका लागि कुन हदसम्म जान सक्छे भन्ने किसिमको चरित्रमा देखिन्छु', उनी भन्छिन् ।

उनी अगाडि भन्छिन्, 'मैले अहिलेसम्म सोझो, बदमास, चुलबुले चरित्र निभाएँ । तर 'नम्बरी सुन'मा शुद्ध इन्टेन्स लभ देखिन्छ । मैले यो फिल्ममा धेरै बोल्नु पनि परेको छैन । मेरो एक्सप्रेसिभ क्यारेक्टर छ । भाव नै प्रकट गरेको छु जस्तो लाग्छ', नम्रता खुल्छिन् ।

उनी दर्शकले आफ्नो लागि भन्दा पनि कथाका लागि 'नम्बरी सुन' हेर्नुपर्ने धारणा राख्छिन् । 'मेरो लागि मात्र फिल्म हेर्नुपर्छ भन्ने छैन । जुन कुरामा म विश्वास गर्दिनँ । दर्शकसँग समय छ र हलमा गएर आनन्दले फिल्म हेन चाहनुहुन्छ भने ती दर्शकका लागि 'नम्बरी सुन' एउटा राम्रो फिल्म बनेको छ', नम्रता भन्छिन्, 'यसमा विशुद्ध नेपाली अर्ग्यानिक कथा छ । गाडी पनि नपुगेको गाउँमा गएर हामीले एक महिना सुटिङ गरेका छौं । त्यो बेलाको यस्तो पनि हुँदो रहेछ भन्ने कुरा थाहा पाउन यो फिल्म हेर्नुपर्छ ।'

नम्रता फिल्मका 'प्रेमी'गौरव पहाडीको कामबाट प्रभावित रहिछन् । 'गौरव काममा एकदमै गम्भीर छ। फिल्मका लागि ऊ एकदमै क्यारेक्टरमा बस्नुपर्ने थियो । म चाहिँ क्यारेक्टरमा बस्नु परेन । मैले गौरव, विनोद न्यौपानेबाट धेरै कुरा सिकेँ', उनी भन्छिन् ।

नम्रता 'नम्बरी सुन'बाट आशावादी सुनिइन् । 'म हरेक फिल्मबाट आशावादी हुन्छु । किनभने फिल्म भनेको कथा मन परेर काम गर्ने हो । सँगै म आफ्नो क्यारेक्टरलाई मेहनत गरेको हुन्छु । अहिलेसम्म मैले जति फिल्ममा काम गरेँ, आफ्नो क्यारेक्टर मन परेर नै गरेकी हुँ । त्यस कारण पनि 'नम्बरी सुन'को क्यारेक्टरबाट आशावादी छु', उनले भनिन् । नम्रतालाई 'डार्क' किसिमको फिल्ममा काम गर्ने इच्छा रहेछ । 'मलाई अलिकति डार्क टाइपको फिल्म गर्ने इच्छा छ । मलाई डेप्थ किसिमको प्रेम कथामा काम गर्न मन छ । सुटिङ गरेर घर जाँदा मलाई आफैलाई पुगेकै हुँदैन । भोकाई रहेको बेलामा थोरैमात्र खानेकुरामा पायो भने कस्तो खुसी भइन्छ नि त्यस्तै खालको सन्तुष्ट हुने काम गर्ने इच्छा छ', उनी भन्छिन्, 'कतिवटा काम गरेँ । अझै गर्न बाँकी छ । तर मलाई त्यस्तो खालको काम आइदिए हुन्थ्यो, जहाँचाहिँ म एकदमै डेप्थमा बसेर काम गर्न पाउँ ।'


**Birtamode Municipality**
**Office of Municipal Executive**
Birtamode, Jhapa

**Invitation for Online Bid**

**First Notice Publication Date :- 2081/04/20**

1. Birtamode Municipality has allocated funds and invites electronic bids from eligible bidders for the purchase and submit bid under **Sealed Quotation(SQ)** towards the **Procurement of Advertising Agency for Notice Publication in National Daily for 2081/82.**
2. Eligible Bidders may obtain further information by visiting PPMO e-GP system **www.bolpatra.gov.np/egp**.
3. Interested bidders should register in e-GP system and deposit the cost of bidding documents and bid secutity mentioned below :
*Name of the Bank* ***NIC Asia Bank, Birtamode, Jhapa***
*Name of Office:* ***Birtamode Municipality, Office of Municipal Excecutive, Birtamode, Jhapa***
*Rajaswa Account No. :- Aantarik Rajaswa Khata- 2462050028354002 (For the cost of Bid Document) and Account no.:- Dharauti Khata 246CA50018870005 (For the deposit of Bid Security Amount)*
4. The Detail of works are as given below :-

| S. N | Contract Identification No. | Name of Project | Last Date of Bid Submission | Bid Opening Date | Bid Validity Period | Bid Document Fee (NRs.) | Bid Security Amount NRs.) | Estimated Amount (Including VAT), NRs. |
|---|---|---|---|---|---|---|---|---|
| 1 | BTMMUN/ GOODS/SQ-01/081/82 | The Procurement of Advertising Agency for Notice Publication in National Daily for 2081/82 | 2081/05/04 at 12:00 Hours | 2081/05/04 at 14:00 Hours | 45 days of bid opening + 30 Days beyond | 1000/- | 55,000/- | 1995000/- |

**Chief Administrative Officer**